सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

सानीभेरी राजपत्र

खण्डः ८ संख्या :०७ मितिः २०८१/०८/०९

# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।।

## शेयर लगानी सम्बन्धी कार्यविधि, २०८१

गाउँकार्यपालिका बाट प्रमाणितः२०८१/०८/०९

सानीभेरी गाउँपालिका र रुकुम पश्चिम जिल्ला भित्रका विभिन्न उत्पादनमुलक उद्योगहरुमा शेयर लगानी सम्वन्धी आवश्यक ब्यवस्था गर्न बान्छनीय भएकोले सानीभेरी गाउँपालिका विनियोजन ऐन, २०८१ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/०८/०९ को कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"शेयर लगानी सम्बन्धी कार्यविधि, २०८१"** रहने छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

सानीभेरी गाउँपालिका

(क) **“गाउँपालिका"** भन्नाले सानीभेरी गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **“उद्योग"** भन्नाले सहकारीताको सिद्धान्त बमोजिम संघीय, प्रदेश वा स्थानीय सरकारी कानून बमोजिम स्थापित उत्पादन मूलक उद्योग सम्झनु पर्छ।

(ग) **“शेयर लगानी"** भन्नाले गाउँपालिकाले उद्योगमा लगानी गर्ने शेयर सम्झनु पर्छ।

(घ) **“प्रतिफल"** भन्नाले नगद बोनस, बोनस शेयर वा यस्तै प्रकृतिको प्रतिफललाई सम्झनु पर्छ।

३. **<u>गाउँपालिकाको शेयर लगानी नीतिः</u>** (१) गाउँपालिकाको सुरक्षा, तरलता, प्राप्त हुनसक्ने प्रतिफल, स्थानीय रोजगारीको सृजना गर्न सक्ने उद्योग, हाइड्रो पावर कम्पनी, कृषि कम्पनीमा शेयर लगानी गर्न सक्ने छ।

(२) उद्योगको कार्यप्रकृति गाउँपालिकाको आवश्यकता तथा सामूहिक हित प्रकृतिको काममा अनुदानको सट्टा शेयर लगानी गर्न सक्नेछ।

(३) गाउँपालिकाले १ आर्थिक वर्षमा एक पटक वा पटक पटक गरी रु.२ करोड भन्दा बढी शेयर लगानी गर्ने छैन।

४. **<u>शेयर लगानीको निर्णयः</u>** (१) गाउँपालिकाको शेयर लगानी निति बमोजिम उद्योगहरुबाट प्राप्त निवेदन र गाउँपालिकाले पहिचान गरेको प्राथमिकता प्राप्त क्षेत्रमा कुल चुक्ता पूँजीको हिस्सा एकिन गरी शेयर लगानीको निर्णय गर्नेछ।

(२) गाउँ सभाबाट नीति कार्यक्रम तथा बार्षिक बजेटमा समावेश भई स्वीकृत भएपछी मात्र शेयर लगानी गर्नेछ।

(३) गाउँ सभाबाट स्वीकृत वार्षिक बजेट तथा नीति कार्यक्रममा समावेश नगरेको अवस्थामा गाउँ कार्यपालिकाको निर्णयबाट शेयर लगानी गर्न सक्नेछ।

५. **<u>सम्झौता गर्नुपर्नेः</u>** गाउँपालिकाले कुनै उद्योगमा लगानी गर्ने निर्णय भएमा गाउँपालिकाले उक्त उद्योगसंग सम्झौता गरी शेयर बाफतको रकम भुक्तानी गर्नेछ।

६. **<u>संस्थापक शेयर सदस्य रहन सकिनेः</u>** गाउँपालिकालाई दिर्घकालीन हित हुन सक्ने उत्पादनमुलक उद्योग वा कम्पनीमा सानीभेरी गाउँपालिका संस्थापक शेयर सदस्य रहन सक्नेछ।

७. **<u>शेयर प्रमाणपत्रः</u>** उद्योगले गाउँपालिकाबाट शेयर बाफतको रकम प्राप्त गरेको १ महिना भित्र शेयरको प्रमाणपत्र दिनु पर्नेछ।

८. **<u>प्रतिफल दिनुपर्नेः</u>** गाउँपालिकाको शेयर रहेको उद्योगले गाउँपालिकालाई वार्षिक रुपमा प्रतिफल उपलब्ध गराउनु पर्नेछ। यस्तो प्रतिफल आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र गाउँपालिकालाई उपलब्ध गराइसक्नु पर्नेछ। कुनै कारणले सो अवधि भित्र प्रतिफल उपलब्ध

सानीभेरी गाउँपालिका

गराउन नसक्ने भएमा सो को कारण सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ। यस्तो निवेदनको व्यहोरामा गाउँपालिका सन्तुष्ट भएमा ३ महिना सम्मको अवधि थप गर्न सक्नेछ।

तर हाइड्रोपावर कम्पनीको हकमा विद्युत उत्पादन सुरु भइ बिक्री वितरण भए पश्चात मात्र यो दफा लागु हुनेछ ।

९. **स्वीकृति लिनुपर्ने:** (१) गाउँपालिकाको शेयर लगानी रहेको उद्योगले ऋण लिनुपर्ने भएमा, पुँजी वृद्धि गर्नु परेमा सोको कारण सहित गाउँपालिकामा स्वीकृतिको लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि गाउँपालिकाले १५ दिन भित्र स्वीकृति दिनुपर्नेछ।स्वीकृति नदिने भए सो को कारण खोली पाँच दिनभित्र निवेदकलाई जानकारी दिइ सक्नु पर्नेछ।

१०. **हस्तक्षेप नगर्ने:** गाउँपालिकाको शेयर रहेको उद्योगको व्यवस्थापनमा सामान्य अवस्थामा गाउँपालिकाले हस्तक्षेप गर्ने छैन तर यस्ता उद्योगको दुरुपयोग भएको पाइएमा, गाउँपालिकाले हस्तक्षेप गर्न सक्ने छ।

११. **शेयर फिर्ता लिन सक्ने:** (१) गाउँपालिकाको शेयर उद्योगको दुरुपयोग भएमा, गाउँपालिकालाई उपलब्ध गराउनु पर्ने प्रतिवेदन नबुझाएमा, प्रतिफल समयमा उपलब्ध नगराएमा, उद्योग टाट पल्टिने अवस्था आएमा, गाउँपालिकाले आफ्नो शेयर लगानी रकम फिर्ता लिन सक्ने छ।

(२) गाउँपालिकाको लगानी रहेको उद्योगले गाउँपालिकाको लगानी फिर्ता गर्न चाहेमा जुनसुकै बेला फिर्ता गर्न सक्नेछ। यसरी शेयर फिर्ता गर्दा गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने दायित्व समेत भुक्तानी गर्नुपर्नेछ।

१२. **यस कार्यविधि अन्तर्गत भएको मानिने:** (१) गाउँपालिकाले यस अघि गरेको शेयर लगानी र शेयर लगानीका निर्णय यस कार्यविधि अन्तर्गत भएको मानिनेछ।

(२) गाउँपालिका तथा उद्योग बिच शेयर लगानी सम्झौता भए पश्चात उद्योगको विधानमा जेसुकै लेखिएको भएतापनि यस कार्यविधिमा लेखिएको विषय नै लागू हुनेछ।

१३. **कार्यविधि संशोधन:** गाउँ कार्यपालिकाको बैठकबाट यस कार्यविधिमा भएका विषयहरु संशोधन, खारेजी वा हेरफेर गर्न सकिनेछ।

**आज्ञाले**

**दिपक बुढाथोकी**

**प्रमुख प्रशासकीय अधिकृत**